# कपिलबस्तु शाखाले आयोजना गरेको भारतको ६९औं गणतान्त्र दिवसको शुभकामना आदान प्रदान कार्यक्रमको एक दृश्य









# छिमेकी राष्ट्र भारतको ६९ औं गणतन्त्र दिवसको कार्यक्रममा नेपाल भारत मैत्री संघको सहभागिता

उक्त कार्यक्रम पश्चात नेपाल भारत मैत्री संघका केन्द्रिय अध्यक्ष श्री राजकुमार सिन्धीज्यू साथै भारतीय दूतावासका महामहिम राजदूत श्री मञ्जिव सिंह पुरीज्यू । कार्यक्रममा सहभागी हुने क्रममा संस्थाका अध्यक्ष एवं वरिष्ट उपाध्यक्षज्यू ।







## पाल्पा शाखाले भारतको ६९ औं गणतन्त्र दिवसको उपलक्ष्यमा गरेको अन्तरक्रिया गोष्ठी







## भारतको ६९औं गणतन्त्र दिवसको उपलक्ष्यमा केन्द्रीय कार्य समितिले गरेका कार्यक्रमको झलक

नेपाल भारत मैत्री संघ केन्द्रीय समिति द्वारा मित्रराष्ट्र भारतको ६९औं गणतन्त्र दिवस (२६ जनवरी) को अवसर पारी यहि २०७४ साल माघ १३ गते काठमाण्डौ बानेश्वर स्थित हिरा पार्टी प्यालेसमा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरेको थियो । भारतीय राजदूत महामहिम मञ्जिव सिंह पुरीज्यूको प्रमुख आथित्यमा संपन्न उक्त कार्यक्रमको सभापतित्व संस्थाका केन्द्रीय अध्यक्ष श्री राजकुमार सिंधीज्यूले गर्नु भएको थियो । मन्तव्यको क्रममा भारतीय राजदूतज्यूबाट भारतले गरेको आर्थिक विकासको प्रतिफल नेपालले पनि लिन सक्ने अवस्था सृजना गर्न र नेपालको आर्थिक विकासमा भारत सदा सकारात्मक रहेको धारणा राख्नु भयो । संस्थाको वरिष्ठ उपाध्यक्ष श्री तुल बहादुर साउदज्यूले शुभकामना मन्तव्यको क्रममा भारतीय जनता र भारत सरकारलाई शुभकामना दिदैं बधाई ज्ञापन गर्नु भयो भने संस्थाका उपाध्यक्ष श्री शेखर गिरिज्यूले भारतको गणतन्त्र दिवसको महत्व र भारतले गरेको प्रगतिको प्रशंसा गर्दै संस्थाले अवलम्वन गरेका उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । संस्थाका निवर्तमान अध्यक्ष श्री ओम प्रकाश सरावगीज्यू प्रदेश नं. १ झापा जिल्लाबाट नेपाली कांग्रेसका तर्फबाट प्रदेश सभा सदस्य र केन्द्रीय सदस्य श्री पुष्पा के सी भण्डारी प्रदेश नं. ४ कास्की एमाले तर्फबाट प्रदेश सभा सदस्यमा समानुपतिक तर्फबाट सभासद निवा्चित हुनु भएकोमा उहाँहरु दुवै जनालाई वधाइ ज्ञापन गर्दै





सम्मान कार्यक्रम समेतको आयोजनामा गरिएको थियो । सम्मानित हुने व्यक्तिहरुमा अध्यक्षबाट निवर्तमान अध्यक्ष ओम प्रकाश सरावगीज्यूले उक्त कार्यक्रममा शुभकामना मन्तव्य राख्नु भएको थियो । शुभकामना मन्तव्य राख्ने क्रममा पूर्व गभर्नर एवं पूर्व सभासद डा. तिलक बहादुर रावल( ज्यूबाट भारतले गरेको आर्थिक प्रगतिको पक्षलाई नेपालले कसरी अनुसरण गर्न सक्छ भन्ने धारणा व्यक्त गर्नु भएको थियो । अध्यक्ष सिन्धीज्यूले संस्थाले अगाडि सारेको धार्मिक पर्यटन र संस्थाका भावी योजनाहरु भारतीय दूताबासको सहयोग र सहकार्यबाट पूरा गर्न सकिने धारणा व्यक्त गर्नु भएको उक्त कार्यक्रमको संचालन संस्थाका महासचिव श्री श्रीप्रसाद कोइरालाले गर्नु भएको थियो भने संस्थाका कोषाध्यक्ष डा. श्रीराम बाँसकोटाज्यूले कार्यक्रमका प्रमुख अतिथिज्यू विशिष्ट अतिथि लगायत सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।






मित्र राष्ट्र भारतको
MEERA-BANQUET


मित्र राष्ट्र भारतको
MEERA-BANQUET


मित्र राष्ट्र भारतको
MEERA-BANQUET







भालुबाङ उपशाखा, दाङको आयोजनामा भएको
भारतको ६९औं गणतन्त्र दिवस कार्यक्रमको एक दृश्य





वर्ष १ अंक ७ माघ २०७४

# मैत्री बुलेटीन

मासिक

## सम्पादन समितिको बैठक

## दिल्ली भ्रमण

केन्द्रिय कार्यसमितिको बैठक माघ महिनामा १ पटक र कार्यसम्पादन समितिको बैठक २ पटक गरि जम्मा ३ वटा बैठक सम्पन्न गरी समसामयिक विषयमा छलफल गर्दै विभिन्न निर्णयहरु गरियो ।



## केन्द्रीय कार्य समितिको दिल्ली भ्रमण





नोटः
सबै जिल्ला शाखा र उपशाखाहरुमा विनम्र निवेदन छ । आ–आफ्नो सम्पन्न गरिएका कार्यक्रम समाचार तथा तत् सम्बन्धि फोटो तथा यस बुलेटिन सम्बन्धि राय सुझावहरु यथाशिध्र नेपाल भारत मैत्री संघको कार्यालयमा उपलब्ध गराई दिनुहोला ।

नेपाल–भारत मैत्री अमर रहोस्
**नेपाल-भारत मैत्री संघ**
केन्द्रीय कार्यसमिति, काठमाडौं
फोन नं. ०१–४४९८७९४, फयाक्सः ४४६१८६३
E-mail: nifanepal2038@gmail.com

भारत को ६९ औं गणतंत्र दिवस को अवसर मा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयों। कार्यक्रम का प्रमुख अतिथि नेपाल भारत मैत्री संघ का केन्द्रिय सदस्य हरिराम पौडेल। कार्यक्रम मा तोया आर्याल, नारायण कोईराला, जिबलाल काफले, दिलीप प्रताप खाँड लगायत ले नेपाल भारत को सम्बन्ध र भारत को संबिधान को बारेमा प्रकास पार्नु भयों। जिल्ला मैत्री संघ का सचिव गुणनिधी काफले को संचालन  र याम बहादुर गुरुंग को अध्यक्षता मा संचालन भयों।






## धकधई उपशाखा रुपन्देही द्वारा भारतको ६९ औं स्वतन्त्रता दिवसको उपलक्ष्यमा अन्तरक्रिया कार्यक्रमको एक झलक






# कञ्चनपुर जिल्ला शाखा द्धारा केन्द्रीय कार्य समितिलाई अभिनन्दन तथा स्वागत कार्यक्रम

नेपाल भारत मैत्री संघका केन्द्रिय पदाधिकारी तथा केन्द्रिय सदस्यहरु दिल्लि भ्रमणका क्रममा कंञ्चनपुर पुग्दा कञ्चनपुर जिल्ला शाखाले आयोजना गरेको स्वागत कार्यक्रमको एक झलक । उक्त कार्यक्रम शाखाका अध्यक्ष श्री दुर्गादत्त बोहराज्यूले गर्नु भएको थियो ।





# केन्द्रीय कार्य समितिको दिल्ली भ्रमण

नेपाल भारत मैत्री संघका केन्द्रिय पदाधिकारी तथा सदस्यहरु यहि २०७४ माघ २० गते देखि २६ गते सम्म संस्थाले अगाडि सार्दै आएको धार्मिक पर्यटनलाई अभिवृद्धी गर्न भारतीय तीर्थ यात्रीहरुलाई नेपालको पशुपतिनाथ, मुक्तिनाथ, लुम्बिनी, जनकपुरधाम, स्वर्गद्धारी लगायत अन्य धार्मिक क्षेत्रमा भ्रमण गर्न भारतका विभिन्न प्रान्तीय सरकार संग आग्रह गर्न र मूलत केन्द्रीय सरकार संग छलफल तथा अन्तरक्र( ीय गर्ने उद्देश्यका साथ भ्रमण संपन्न गरेको थियो । उक्त अवसरमा भ्रमणमा संलग्न केन्द्रीय पदाधिकारी तथा सदस्यहरुको ४२ जनाको टोलीले भारतको दिल्ली स्थित साउथ ब्लकमा गई भारतीय सरकारका केन्द्रीय बिदेश राज्यमन्त्रि माननीय जनरल वि.के. सिंहज्यू संग उहाकै कार्यकक्षमा शिष्टाचार भेट गरी संस्थाको परिचयका साथ आफ्ना भावी योजनाका विषयमा संघका अध्यक्ष राजकुमार सिन्धीज्यूले प्रकाश पार्नु भएको थियो । प्रतिउत्तरमा माननीय मन्त्रिज्यूवाट  नेपाल भारत मैत्री संघले अघि सारेका यावत योजना र लक्ष्यलाई सक्दो सहयोग गर्नुका साथै दुई देश बीचको मैत्री संवन्धलाई मजवुत बनाउन आफू सधैं लागि पर्ने धारणा व्यक्त गर्नु भयो । उक्त अवसरमा संस्थाको तर्फवाट अध्यक्ष ज्यूले विशेष उपहार पशुपतिनाथको मन्दिर, चन्दन, रुद्राक्षमाला टकऱ्याउनु भएको थियो । भ्रमणकै अवसरमा भ्रमण दलका संम्पूर्ण महानुभावहरुबाट दिल्लीको १२ खम्बा स्थित नेपाली दुतावास पुगी भारत स्थित नेपालका कार्यवाहक राजदूतज्यू लगायत अन्य पदाधिकारीज्यूहरुलाईको दूतावासको कक्षमा स्वागत गर्दै भ्रमणको उद्देश्य माथि प्रकाश पारिएको थियो । दिल्ली भ्रमणको क्रममा विभिन्न संघ संस्थाका प्रतिनिधिहरु संग भेटघाट र अर्न्तक्रिया गरि संस्थाको उद्देश्य र भावी योजना वारे जानकारी गराइएको थियो ।

उक्त अवसरमा विभिन्न स्थानमा लिइएका दृष्यहरु













